# नारायण नगरपालिका दैलेखको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन तथा व्यवस्थापन कार्यविधि) ऐन, २०८२

नारायण नगर कार्यपालिकाको कार्यालय दैलेख कर्णाली प्रदेश, नेपाल

प्रमाणिकरण मिति :२०८२।०९।२५

## प्रस्तावना

नेपालको संविधानले कानूनको समान संरक्षणलाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गर्नुका साथै महिलाविरुद्ध गरिने कुनै पनि किसिमको हिंसाजन्य र शोषणजन्य कार्यलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्तिको हक प्रत्याभूत गरेको; घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले घरेलुसम्बन्धमा लैङ्गिक आधारमा हुने शारीरिक, मानसिक, यौनजन्य तथा आर्थिक हिंसा समेतलाई निषेध गर्दै पीडितको उपचार तथा घा जाँच गराउने, सोसम्बन्धी उजूर सुन्ने तथा अन्य सहयोग दिने लगायतका कार्य गर्ने जिम्मेवारी स्थानीय तहलाई समेत दिएको; र लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियवाली, २०६७ ले स्थानीय तहमा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसाबाट पीडित व्यक्तिलाई तत्काल उद्धार, सहयोग तथा पुनर्स्थापनाको लागि स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्ने व्यवस्था गरेको हुँदा; लैंगिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गरी महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसालाई न्यूनीकरण गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम नारायण नगरपालीकाले यो लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन तथा व्यवस्थापन कार्यविधि) ऐन तयार गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम नारायण नगरपालिका दैलेखको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन तथा व्यवस्थापन कार्यविधि) ऐन, २०८२ रहेको छ।

(२) यो ऐन गाउँ/नगर कार्यपालिकाले पारित तथा प्रमाणीकरण गरी स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अन्यथा अर्थ लागेमा बाहेक यो ऐनमा-

(१) **"आर्थिक हिंसा वा दुर्व्यवहार"** भन्नाले सगोलको सम्पत्ति प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको प्रयोग वा पहुँचबाट बञ्चित गर्ने कार्यलाई सम्झनु पर्दछ र सो शब्दले दाइजो माग गर्ने वा दाइजो ल्याउन दवाब दिने, दाइजो नल्याएको कारणबाट गरिने घृणा, भेदभाव, हेला वा तिरस्कार गर्ने कार्यलाई समेत जनाउने छ।

(२) "उद्धार तथा राहत समिति" भन्नाले यो ऐन बमोजिम गठन भएको उद्धार तथा राहत समितिलाई जनाउने छ।

(३) **"ऐन"** भन्नाले यो गाउँ/नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन तथा व्यवस्थापन कार्यविधि) ऐन, २०८२ लाई जनाउने छ।

(४) "कोष" भन्नाले यो ऐनबमोजिम स्थापित लैङ्गिक हिंसा निवारण कोषलाई जनाउने छ।

(५) "कोष सञ्चालक समिति" भन्नाले यो ऐन अन्तर्गत स्थापित लैङ्गिक हिंसा निवारण कोषको सञ्चालन गर्नका लागि यस ऐन बमोजिम स्थापित कोष सञ्चालक समितिलाई जनाउने छ।

प्रशासकीय अधिकृत

(६) "नगरपालिका" भन्नाले नारायण नगरपालिका दैलेखका नगरपालिकालाई जनाउने छ ।

(७) "तोकेबमोजिम" भन्नाले यो ऐन वा यस अन्तर्गत बन्ने नियम, कार्यविधि वा निर्देशिका बमोजिम तोकिएको वा यो ऐनले अख्तियार दिएका अधिकारीले तोकेबमोजिमको कुरालाई जनाउने छ ।

(८) "न्यायिक समिति" भन्नाले नारायण नगरपालिका दैलेखको न्यायिक समितिलाई जनाउने छ ।

(९) "नियमावली" भन्नाले नेपाल सरकारबाट जारी गरेको लैगिंक हिंसा निवारण कोष सञ्चालन नियमावली २०६७ र संशोधन समेतलाई जनाउने छ ।

(१०) "पीडक" भन्नाले कुनै व्यक्तिउपर लैङ्गिक हिंसा गर्ने व्यक्तिलाई जनाउने छ ।

(११) "पीडित" भन्नाले घरेलु, सामाजिक वा कार्यस्थलमा हुने लैङ्गिक हिंसाबाट प्राथमिक रुपमा तत्काल वा लामो समयदेखि पीडित भएको व्यक्ति वा निजउपर भएको हिंसाबाट प्रत्यक्ष रुपमा प्रभावित भएका निजमाथि आश्रित बालबालिका वा परिवारका सदस्यलाई सम्झनु पर्दछ ।

(१२) "मन्त्रालय" भन्नाले संघीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई जनाउने छ ।

(१३) "मानसिक हिंसा वा दुर्व्यवहार" भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलोज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, बैचारिक, धार्मिक, साँस्कृतिक प्रथा वा परम्पराका आधारमा भेदभाव गर्ने, रुप, रङ्ग, शारीरिक बनावट वा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरुत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य लगायत मानसिक वा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै कामलाई सम्झनु पर्दछ ।

(१४) "यौनजन्य हिंसा वा दुर्व्यवहार" भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा आघात पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कार्यलाई जनाउने छ ।

(१५) "लैङ्गिक हिंसा" भन्नाले कुनै पनि व्यक्तिलाई सार्वजनिक वा निजी स्थानमा लिङ्गको आधारमा गरिने गरिने दुर्व्यवहार वा भेदभावजन्य व्यवहारलाई जनाउँदछ । यो शब्दले कुनै व्यक्तिलाई लिङ्ग वा लैङ्गिक झुकावको आधारमा गरिने शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक पीडा वा कष्ट दिने कार्य, दुर्व्यवहार, भेदभाव, यातना वा हिंसालाई समेत जनाउने छ ।

(१६) "शाखा वा एकाई" महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा

(१७) "शारीरिक हिंसा वा दुर्व्यवहार" भन्नाले शारीरिक चोट पुऱ्याउने, कुटपीट गर्ने, अङ्गभङ्ग गर्ने, थुनछेक गरी राख्ने, तेजाब वा यस्तै प्रकारका पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा पुऱ्याउने, वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने वा यस्तै कार्य गरी शरीरमा कुनै प्रकारको हानी नोक्सानी वा पीडा पुऱ्याउने कार्यलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २

## लैङ्गिक हिंसा निवारण कोषको स्थापना र सञ्चालन

३. **लैङ्गिक हिंसा निवारण कोषको स्थापना :** (१) यो गाउँपालिका/नगरपालिका भित्र लैङ्गिक हिंसा पीडितलाई सहयोग गर्न तथा लैङ्गिक हिंसा निवारण सम्बन्धी कार्य गर्नका लागि लैङ्गिक हिंसा निवारण कोष नामको कोष स्थापना गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिने छ :

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट लैङ्गिक हिंसा निवारण कोषका लागि प्राप्त हुने रकम,

(ख) गाउँपालिका/ नगरपालिकाले लैङ्गिक हिंसा निवारण कोषका लागि छुट्याएको रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति, संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट कानूनबमोजिम प्राप्त रकम ।

(३) कोष आवर्ति कोष (रिभल्भिङ्ग फण्ड) को रुपमा रहने छ र यसमा जम्मा भएको रकम एक आर्थिक वर्ष भित्र खर्च नभएको आधारमा फ्रिज हुने छैन ।

(४) गाउँपालिका/नगरपालिकाले कोषमा पर्याप्त रकम भएको सुनिश्चित गर्दै हरेक वर्ष आवश्यकता अनुसारको रकम कोषको लागि छुट्याउने छ ।

(५) गाउँपालिका नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी शाखा/एकाई/सामाजिक विकास शाखाले लैङ्गिक हिंसा निवारण कोष सञ्चालक समिति तथा यस ऐन बमोजिम गठित उद्धार तथा राहत समितिको सचिवालयको रुपमा काम गर्ने छ । यो शाखाले उद्धार तथा राहतसम्बन्धी निवेदनउपर कारवाही अगाडि बढाउने तथा सोसम्बन्धी भए गरेका कार्यहरुको अभिलेख राख्ने लगायत तोकिए बमोजिमका कार्यहरु गर्नेछ ।

४. **कोषको खाता** : (१) कोषको रकम जम्मा गर्नको लागि स्थानीय तहमा उपलब्ध कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोलिने छ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाका प्रमुखको संयुक्त हस्ताक्षरबाट हुने छ ।

(३) उपदफा (२) मा जेसुकै लेखिएको भए तापनि कोषमा भएको रकमको प्रयोग गर्ने विधि तथा कोषको सञ्चालनसम्बन्धी निर्णय यो ऐनको सम्बन्धित दफाहरुमा उल्लेख भए अनुरुप हुने छ ।

५. **कोषको सञ्चालन :** (कोषको सञ्चालनको लागि देहाय बमोजिमको पाँच सदस्यीय कोष सञ्चालक समिति रहने छ-

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको उपाध्यक्ष/ नगरपालिकाको उपप्रमुख- १ जना | संयोजक |
| (ख) | न्यायिक समितिका सदस्यहरु- २ जना | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत- १ जना | सदस्य |
| (घ) | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा हेर्ने मुख्य अधिकृत वा कर्मचारी - १ जना | सदस्य सचिव |

६. **कोष सञ्चालक समितिको बैठक :** (१) समितिको बैठक वर्षमा कम्तीमा २ पटक बस्ने छ ।

(२) आवश्यकता अनुसार समितिको सचिवालयले दिएको जानकारीको आधारमा संचालक समितिको बैठक जतिपटक पनि बस्न सक्ने छ ।

(३) समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा कोषको बैठकको बारेमा सचिवालयका कर्मचारीले सूचित गरे अनुसार बैठक बस्नेछ ।

(४) कोष संचालक समितिको बहुमत सदस्य उपस्थित भएमा बैठक सञ्चालन गर्न सकिने छ ।

(५) कोष सञ्चालक समितिले यथासक्य उपस्थित सदस्यहरुको सर्वसम्मतिबाट निर्णय गर्नु पर्ने छ । सर्वसम्मतिबाट निर्णय हुन नसकेमा समितिको कुल सदस्य संख्याको बहुमतको आधारमा निर्णय गरिने छ ।

(६) कोष सञ्चालक समितिको बैठक सोही समितिले तोकेको प्रकृया अनुसार बस्ने छ ।

(७) कोष सञ्चालक समितिको संयोजकले बैठकको अध्यक्षता गर्ने छन्, निजको अनुपस्थितिमा न्यायिक समितिका सदस्यहरुमध्ये जेष्ठ सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछन् ।

७. **कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** (१) यो ऐनको दफा दफामा उल्लेख गरिएबाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) कोषमा भएको रकमको हिसाब तथा खर्च दुरुस्त राख्न लगाउने र कोषको रकम जिम्मेवार ढंगले सञ्चालन गर्ने,

(ख) तत्काल उद्धार वा राहत प्रदान गर्नु पर्ने अवस्थामा पीडितको अवस्था यकीन गरेर तत्काल औषधोपचार खर्च उपलब्ध गराउने वा उद्धारको लागि अग्रिम (एडभान्स) रकम उपलब्ध गराउने,

(ग) गाउँ / नगर कार्यपालिकाको कार्यालयबाट टाढा पर्ने कुनै वडा कार्यालयहरु वा गाउँपालिका / नगरपालिकामा लैङ्गिक हिंसाको क्षेत्रमा सक्रियतापूर्वक काम गरिरहेको कुनै संघसंस्था वा अल्पकालीन सेवा केन्द्रलाई पीडितको तत्काल उद्धार तथा राहत सहयोग प्रदान गर्ने अधिकार प्रत्यायोजन गर्नका लागि नगर कार्यसमितिलाई सिफारिश गर्ने ।

(घ) प्रत्यायोजित अधिकार बमोजिम वडा कार्यालय, संघसंस्था वा अल्पकालीन सेवा केन्द्रमार्फत प्रदान गरिएका सहयोग अनुमोदन गर्ने तथा तोकिएबमोजिमको खर्च निकासा गर्ने ।

(ङ) तत्काल औषधोपचार वा उद्धार गर्नु पर्ने अवस्थामा बाहेक उद्धार तथा राहत समितिको सिफारिशमा उपलब्ध गराईएको खर्च अनुमोदन गर्ने,

(च) कोष सञ्चालक समितिबाट प्रदान गरिएका र समितिको पहलमा विभिन्न संघसंस्थामार्फत प्रदान गरिएका उद्धार, राहत तथा पुनर्स्थापनाको विवरण सहितको समितिले गरेका कामहरुको वार्षिक प्रतिवेदन तयार गरी न्यायिक समितिको पूरक प्रतिवेदनको रुपमा गाउँसभा/नगरसभामा प्रस्तुत गर्ने ।

(छ) पीडितलाई तत्कालीन राहत वा पुनर्स्थापनाका लागि औषधोपचार, मनोविमर्श, कानूनी सेवा, सहयोगी संस्था, सेवा केन्द्र, तालिम प्रदायक संस्था लगायत उपयुक्त सेवा प्रदायककोमा आवश्यक सहयोगका लागि सिफारिश वा प्रेषण गर्ने र सम्बन्धित कर्मचारीहरुलाई समेत त्यस्ता कार्य गर्न प्रोत्साहित गर्ने ।

(२) माथि उल्लेख भए बमोजिमका काम, कर्तव्य र अधिकार प्रयोग गर्नका लागि समितिले अन्य आवश्यक कार्यहरु गर्न सक्ने छ ।

८. **कोषको उपयोग** : (१) कोषको उपयोग लैङ्गिक हिंसाको कारणबाट पीडित व्यक्तिलाई देहाय बमोजिमका सहायता गर्नका लागि मात्र प्रयोग गरिने छ-

(क) लैङ्गिक हिंसाको कारण तत्काल लागेको घाउ चोटको उपचार गर्न,

(ख) पीडितको तत्काल उद्धार गर्न,

(ग) कानूनी सहायता, शारीरिक उपचार, मानसिक उपचार वा मनोविमर्श प्रदान गर्न,

(घ) पुनर्स्थापना गराउनका लागि कुनै पेशा, व्यवसाय वा स्वरोजगार गर्नका लागि आवश्यक तालिम दिलाउन तथा कुनै पेशा वा व्यवसाय शुरु गर्नका लागि बीऊ पूँजी उपलब्ध गराउन,

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय
प्रशासकीय अधिकृत

(ङ) पीडितले प्रचलित कानून बमोजिम कसूरदारबाट प्राप्त गर्नु पर्ने क्षतिपूर्ति कसूरदारबाट कुनै कारण तत्काल प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेशबमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन अदालतबाट लेखी आएमा गाउँपालिका/नगरपालिकामा स्थायी बसोबास गर्ने पीडकले तिर्नु पर्ने क्षतिपूर्ति रकम पछि निजबाट असूल उपर गर्ने गरी वा निजको कुनै सम्पत्ति नभएको अवस्थामा असूल उपर गर्नु नपर्ने गरी तत्काल उपलब्ध गराउन,

(च) संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि प्रदेश अन्तर्गत सञ्चालित वा मन्त्रालयले हस्तान्तरण गरेका अल्पकालिन सेवा केन्द्र वा कुनै सामाजिक संघ संस्थाले सञ्चालन गरेका यस गाउँपालिका/ नगरपालिकामा अवस्थित अल्पकालीन सेवा केन्द्र सञ्चालनको लागि माग भई आएमा त्यस्तो सेवा केन्द्रको लागि सहयोग प्रदान गर्न,

(छ) गाउँपालिका/नगरपालिका भित्र हिंसा पीडित तथा प्रभावित महिला तथा निजमा आश्रित बालबालिकाको लागि पुनर्स्थापना केन्द्र नभएको अवस्थामा त्यस्तो केन्द्र सञ्चालन गर्न,

(ज) उद्धार तथा राहत समितिले उचित ठहराए बमोजिम पीडितलाई आवश्यक अन्य कुनै सहयोग उपलब्ध गराउन ।

(२) उपदफा (१) बमोजिम सहायता उपलब्ध गराउने क्रममा उद्धार तथा राहत समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागूपदार्थको दुर्व्यसनमा फँसेका वा सडकमा आएका बालबालिका वा व्यक्तिहरुलाई प्राथमिकता दिन सक्नेछ ।

९. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) माथि दफा ८ मा उल्लेख गरिएदेखि बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जे सुकै लेखिएको भएतापनि कोषको रकम कोष सञ्चालक समिति र उद्धार तथा राहत समितिको बैठक सञ्चालनका लागि खर्च गर्न सकिने छ । तर बैठक सञ्चालनको लागि खर्च गर्दा कोषको रकम कोष सञ्चालक समितिका सदस्य वा उद्धार तथा राहत समितिका सदस्यहरुहरुलाई कुनै पनि प्रकारको भत्ता वा आर्थिक सुविधा दिने गरी प्रयोग गरिने छैन ।

१०. **सानो नगदी कोषको व्यवस्था र सञ्चालन :** (१) लैङ्गिक हिंसा पीडितको सहयोगको लागि स्थापित कोषबाट पीडितलाई दफा ८ को खण्ड (क) बमोजिम तत्काल लागेको घाउचोटको औषधोपचारको लागि मात्र खर्च गर्ने गरी रु. ५,००० (पाँच हजार रुपैया) को एउटा छुट्टै सानो नगदी कोष खडा गरिने छ ।

(२) लैङ्गिक हिंसाका कारण घाउ चोट लागेको अवस्थामा तत्काल औषधि उपचार गर्न नसक्ने अवस्थाका पीडितका लागि पीडित स्वयं वा अन्य कुनै व्यक्तिले पीडितको हकमा निवेदन गरेमा कोष सञ्चालक समिति वा उद्धार तथा राहत समितिको कुनै सदस्यले सनाखत तथा सिफारिश गरी कोष सञ्चालक समितिको संयोजक वा प्रमुख प्रशासकीय अधिकृतको आदेशमा पीडित तथा आश्रितको सामान्य औषधोपचार, खाना तथा यातायातको लागि लाग्ने खर्च विचार गरी सानो नगदीकोषबाट बढीमा २०००.०० (दुई हजार रुपैया) सम्म मात्र खर्च जनाएर सहयोग गर्न सकिने छ ।

(३) सानो नगदी कोषबाट गरिएको खर्च कोष सञ्चालक समितिको आगामी बैठकबाट अनुमोदन गराउनु पर्नेछ । यस्तो खर्च फर्स्यौट गर्न कुनै बील भरपाई आवश्यक पर्ने छैन ।

(४) सानो नगदीकोषबाट खर्च हुनासाथ त्यसको सोधभर्ना यथासक्य चाँडो गर्नु पर्ने छ ।

(५) लैङ्गिक हिंसा निवारण कोष सञ्चालक समितिका संयोजकले वर्षको कम्तीमा १ पटक वा आवश्यकता अनुसार समय समयमा सानो नगदी कोषमा भएको रकमको हिसाबको छड्के जाँच गर्नु पर्ने छ । सो कोषमा तोकिए बमोजिमको रकम राख्ने गरिएको सुनिश्चित गर्नु निजको दायित्व हुनेछ ।

११. **तत्काल उद्धार तथा राहतका लागि अग्रिम (एडभान्स) रकम उपलब्ध गराउन सक्ने :** (१) पीडितको तत्काल उद्धार गर्नु पर्ने अवस्थामा उद्धार तथा राहत समितिका कुनै सदस्य वा सदस्यहरु वा गाउँपालिका/नगरपालिका-को सम्बन्धित कर्मचारीले आफै वा अन्य स्थानीय संघ, संस्था समेतको मदत लिएर उद्धार गर्न सक्ने छ ।

(२) यस कार्यविधिमा अन्यत्र जेसुकै लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार नगरिएमा गम्भीर क्षति हुने लागेमा प्राप्त निवेदनको आधारमा कोष सञ्चालक समितिका संयोजकले कारण खुलाएर आवश्यकता अनुसार यातायात, उपचार तथा तत्काल पुनर्स्थापनासम्बन्धी कार्यका लागि लाग्ने खर्च विचार गरी बढीमा रु. ५०००।- (पाँचहजार रुपैया) सम्म उद्धार तथा राहत समितिका कुनै सदस्य वा उद्धारमा खटिने स्थानीय संघसंस्थाका प्रतिनिधिलाई अग्रिम (एडभान्स) रकम उपलब्ध गराउन लिखित आदेश दिन सक्नेछ ।

(३) संयोजकको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले महिला, बालबालिका तथा जेष्ठ नागरिकसम्बन्धी विषय हेर्ने शाखा/सामाजिक विकास शाखाका अधिकृतको टिप्पणी सहितको सिफारिशको आधारमा उपदफा (२) बमोजिम अग्रिम (एडभान्स) रकम उपलब्ध गराउन लिखित आदेश दिन सक्नेछ ।

(४) अग्रिम भुक्तानी दिएको निर्णय कोष सञ्चालक समितिको आगामी बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(५) अग्रिम भुक्तानी लिई उद्धारको लागि गरिएको खर्चको बील भर्पाई लगायतका प्रमाण सहित सम्बन्धित व्यक्ति वा कर्मचारीले काबूबाहिरको परिस्थिति परेमा बाहेक दुई हप्ता भित्र दावी गरी सक्दो चाँडो अग्रिम भुक्तानीको हिसाब फर्स्यौट गरिसक्नु पर्ने छ ।

(६) उद्धारको क्रममा लिएको अग्रिम (एडभान्स) रकम अपुग भई उद्धारकर्ताले थप खर्च गर्नु परेको अवस्थामा खर्च गरिएको रकम भुक्तानी लिनको लागि निवेदन पेश गरी कोष सञ्चालक समितिले अनुमोदन गरेमा लेखासम्बन्धी कानूनहरुको अधीनमा रही भुक्तानी गरिनेछ ।

१२. **कोषबाट गरिने खर्चको विवरण दुरुस्त राख्नु पर्ने :** (१) लैङ्गिक हिंसा निवारण कोष वा सानो नगदी कोषबाट गरिएको खर्च तथा अग्रिम रकम उपलब्ध गराएको विवरण फाइल खडा गरी अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

(२) खर्चको विवरणमा आदेश दिएको मिति, रकम उपलब्ध गराएको मिति, पीडितको नाम र ठेगाना, रकम बुझिलिने व्यक्तिको नाम, ठेगाना र नागरिकता नम्बर, मोबाइल वा टेलिफोन नम्बर, आदेश कर्ता र सिफारिशकर्ता भए निजको नाम, र आदेश अनुमोदन भईसकेपछि अनुमोदन भएको मिति राखी खर्चको विवरण अद्यावधिक गरी राख्नुपर्नेछ ।

<u>**स्पष्टिकरण:**</u> माथि उपदफा (२) मा जे सुकै लेखिएको भए तापनि पीडित वा रकम बुझिलिनेको नागरिकता वा टेलिफोन नभएको वा नल्याएको कारणले मात्र तत्काल सहयोग वा उद्धार गर्न इन्कार गरिने छैन ।

१३. **वडा कार्यालय वा सामाजिक संघ संस्थालाई तत्काल उद्धार तथा राहतको काम जिम्मा लगाउन सकिने:**

(१) गाउँपालिका/नगरपालिकाको कार्यालय रहेको स्थानबाट टाढा पर्ने वडाहरुमा गाउँ / नगर कार्य समितिबाट निर्णय गरी वा छुट्टै कार्यविधि बनाएर तत्काल राहत दिने वा उद्धार गर्ने कार्य तथा तत्सम्बन्धी अधिकार वडा कार्यालय वा लैङ्गिक हिंसाको क्षेत्रमा सक्रियतापूर्वक काम गरिरहेको संघसंस्था, वा अल्पकालीन सेवा केन्द्रहरुलाई प्रत्यायोजन गर्न सक्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) अनुसार प्रत्यायोजन गरिएको अधिकार अन्तर्गत वडा कार्यालय वा सामाजिक संघसंस्थाहरुबाट गरिएको खर्चको विवरण यथासक्य चाँडो उपलब्ध गराई सञ्चालक समितिको आगामी बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

१४. **प्रेषण (रिफरल) सेवा उपलब्ध गराउने :** लैङ्गिक हिंसापीडित व्यक्तिलाई गाउँपालिका/नगरपालिकाका सम्बन्धित पदाधिकारी, कर्मचारी वा उद्धार तथा राहत समितिका सदस्यहरुले आवश्यकता अनुसार प्रहरीलाई खबर गरी अस्पताल, मनोविमर्श वा कानूनी सहायता लगायत आवश्यक सेवाका लागि सम्बन्धित सेवा प्रदायकसँग समन्वय गरी त्यहाँ पठाउने वा एकद्वार संकट व्यवस्थापन केन्द्र (One-stop Crisis Management Center) सँग समन्वय गरी आवश्यक सेवा उपलब्ध गराउनका लागि मदत गरिदिनु पर्ने छ ।

## परिच्छेद- ३

## उद्धार तथा राहत समिति

१५. **उद्धार तथा राहत समितिको गठन:** (१) यो ऐन लागू भएको एक महिना भित्र लैङ्गिक हिंसाबाट पीडित व्यक्तिको उद्धार तथा राहत व्यवस्थापनको लागि देहाय बमोजिमको सात सदस्यीय उद्धार तथा राहत समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको उपाध्यक्ष/नगरपालिकाका उपप्रमुख | संयोजक |
| (ख) | गाउँपालिकाको अध्यक्ष /नगर प्रमुखले मनोनित गरेको कार्यपालिकाका महिलासदस्य- २ जना | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत वा निजको अनुपस्थितिमा निजको काम गर्नको लागि तोकिएको अधिकृत | सदस्य |
| (घ) | संयोजकले मनोनित गरेका महिला, बालबालिका तथा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने स्थानीय गैरसरकारी संस्था, अल्पकालीन सेवा केन्द्र, पीडितका लागि सञ्चालित सुरक्षित आवास गृह वा स्थानीय क्लबका कम्तीमा एक महिला सहितका प्रतिनिधि- २ जना | सदस्य |
| (ङ) | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाका मुख्य अधिकृत वा कर्मचारी - १ जना | सदस्य सचिव |

(२) कुनै सदस्यले राजीनामा दिएर छाडेमा वा देहावसान भएमाबाहेक मनोनित सदस्यहरुको कार्यकाल समय दिन नसकेको वा सक्रिय नभएको वा अन्य उपयुक्त कारणले मनोनयन गर्ने अधिकारीले नहटाएसम्म कायम रहने छ ।

(३) कुनै कारणवश कुनै मनोनित सदस्यको पद रिक्त भएमा संयोजकले जुन प्रक्रियाबाट मनोनित भएको सदस्यको पद रिक्त भएको हो सोही प्रक्रियाबाट यथासक्य चाँडो खाली पद पूर्ति गर्न पहल गर्नु पर्नेछ ।

(४) उद्धार तथा राहत समितिका संयोजकले न्यायिक समितिका अन्य सदस्यहरु, सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य, नगरपालिकाकाका सम्बद्ध कर्मचारी एवं गाउँ/ नगरपालिकामा कार्यरत अन्य स्थानीय, राष्ट्रिय, वा अन्तर्राष्ट्रिय संघ संस्था क्लब आदिका प्रतिनिधिहरुलाई उद्धार समितिको कुनै बैठक वा बैठकहरुमा आवश्यकता अनुसार आमन्त्रण गर्न सक्ने छ ।

(५) आमन्त्रित सदस्यले बैठकमा आफ्नो विचार स्वतन्त्रतापूर्वक राख्न तथा तत्काल आवश्यक सहयोग गर्न सक्नेछन् तर त्यस्ता सदस्यको मताधिकार हुने छैन ।

(६) कुनै कारणवश उद्धार तथा राहत समितिको गठन हुन नसकेको अवस्थामा उक्त समितिले प्रयोग गर्ने अधिकार कोष सञ्चालक समितिले नै गर्न सक्नेछ ।

१६. **उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार :** (१) उद्धार तथा राहत समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कुनै पनि माध्यमबाट पाएको जानकारी अनुसार कुनै पीडितको तत्काल उद्धार गर्नु पर्ने भएमा यो ऐनबमोजिम अग्रिम रकम लिएर वा कोष सञ्चालक समितिको निर्णय अनुसार पछि भुक्तानी लिने गरी वा अन्य उपलब्ध स्रोत, साधन को प्रयोग तथा परिचालन गरी वा सहयोगी संघसंस्थाको सहयोग जुटाई आवश्यक कार्य गर्ने,

(ख) लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको सहयोगको लागि उपयुक्त सेवा प्रदायकहरुको बारेमा जानकारी दिने, प्रेषण गर्ने तथा पीडितलाई आवश्यक सहयोग उपलब्ध गराउनका लागि गाउँपालिका/नगरपालिकामा सिफारिश तथा पहल गर्ने,

(ग) पीडितको उद्धारको लागि आवश्यकता अनुसार गाउँ / नगर प्रहरी वा संघीय/प्रदेश प्रहरीलाई घटनाको बारे जानकारी गराउने तथा उद्धार तथा राहतका लागि सहयोग जुटाउने,

(घ) समुदायमा लैङ्गिक हिंसा न्यूनीकरणका लागि सचेतना फैलाउन सम्बन्धित संघ संस्थाहरुको सहयोग जुटाई आवश्यक कार्यहरु गर्ने तथा गाउँ/ नगर क्षेत्रमा लैङ्गिक हिंसा निवारण गर्नका लागि सो क्षेत्रमा कार्यरत संघ संस्था तथा निकायहरुबीच समन्वय गर्ने,

(ङ) लैङ्गिक हिंसामा परेका महिला, किशोरी तथा बालिका वा अन्य संकटासन्न व्यक्तिको उद्धार, संरक्षण तथा व्यवस्थापन गर्नका लागि मनोविमर्श सेवा उपलब्ध गराउने, अल्पकालीन सेवा केन्द्र वा लैङ्गिक हिंसापीडितका लागि सुरक्षित आवास स्थापना गर्ने, भइरहेका सेवा केन्द्र वा आवास सेवा सञ्चालन, मर्मत सम्भार गर्न सहयोग गर्ने लगायतका आवश्यक योजना तयार गरी कोषको सञ्चालक समिति तथा सहयोगी संघ, संस्था तथा निजी क्षेत्र वा अन्य दातृ निकायहरुसँग समन्वय गरी आवश्यक रकम तथा अन्य सहयोग जुटाई योजना कार्यान्वयन गर्ने,

(च) पीडितको उद्धार तथा राहतको लागि आवश्यकता अनुसार प्रदेश स्तरीय तथा केन्द्रीय तत्काल उद्धार तथा राहत समितिसँग समन्वय गरी कार्य गर्ने,

(छ) लैङ्गिक हिंसाबाट पीडित व्यक्तिको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि प्रदेश वा नेपाल सरकारले सञ्चालन गरेका लैङ्गिक हिंसा निवारण कोषबाट राहत प्राप्त गर्नका लागि पीडितलाई आवश्यक सहयोग तथा सिफारिश गर्ने,

(ज) कोष सञ्चालक समितिले उपलब्ध गराएका राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव दिने,

(झ) माथि उल्लेख गरिएका कामहरु गर्ने क्रममा सो कामको परिधिभित्र रही सोसँग सम्बन्धित आवश्यक कामहरु गर्ने ।

(२) उपदफा (१) को खण्ड (क) को प्रयोजनका लागि लिखित अनुमति लिने प्रयोजनका लागि इमेल, एस.एम.एस. लगायतका विद्युतीय माध्यमबाट लिइएको लिखित आदेशसमेत मान्य हुने छ ।

१७. **उद्धार तथा राहत समितिको बैठक :** (१) समितिको बैठक कम्तीमा वर्षको २ पटक र आवश्यकता अनुसार जतिसुकै पटक बस्न सक्नेछ ।

(२) समितिका संयोजकले तोके अनुसार सदस्य सचिवले बैठक बस्ने मिति, समय, स्थान तथा छलफलको विषयको बारेमा समितिको सदस्यहरुलाई लिखित रुपमा वा फोन, एस.एम.एस. वा इमेलजस्ता विद्युतीय माध्यमहरुबाट जानकारी दिएर बैठक बोलाउन सक्ने छ।

(३) बैठकको अध्यक्षता संयोजकले गर्नेछन्। संयोजकको अनुपस्थितिमा गाउँ/नगर कार्यपालिकाका मनोनित महिलासदस्यहरु मध्ये जेष्ठ सदस्यले वा एक जनामात्र महिला सदस्य उपस्थित भएको अवस्थामामा निजले बैठकको अध्यक्षता गर्नेछन्।

(४) बैठक सञ्चालन हुनको लागि तत्काल कायम रहेको समिति सदस्यहरुको बहुमत सदस्यहरु उपस्थिति भएको हुनु पर्नेछ।

(५) बैठकको निर्णय यथासम्भव सर्वसम्मतिबाट गरिनेछ। सर्वसम्मति हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिने छ र पक्ष विपक्षमा मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(६) उद्धार तथा राहत समितिको बैठकको निर्णय उपस्थित सदस्यहरुको हस्ताक्षरबाट प्रमाणित गरी राखिनेछ।

(७) समितिको बैठक सञ्चालनको कार्यविधि समिति आफैले तय गरे अनुसार हुनेछ।

## परिच्छेद- ४

## उद्धार तथा राहत सहयोग प्राप्त गर्ने प्रकृया

१८. **सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यो कार्यविधि बमोजिम तत्काल औषधोपचार सहयोग प्राप्त गर्नका लागि गाउँपालिका /नगरपालिकामा कोष सञ्चालन समितिको सचिवालयमा पीडितको अवस्था खुलाई अनुसूचि-१ बमोजिमको ढाँचामा पीडित स्वयं वा निजको शारीरिक वा मानसिक अवस्थाको कारण आफै उपस्थित हुन नसक्ने भए निजको तर्फबाट कुनै पनि व्यक्तिले निवेदन दिन सक्ने छ।

(२) पीडित व्यक्तिको तत्काल उद्धार गर्नु पर्ने भएमा नातेदार वा थाहा पाउने कुनै पनि व्यक्तिले पीडित व्यक्तिको अवस्था, निजलाई राखिएको स्थान लगायतका आवश्यक कुराहरु खुलाई अनुसूचि-२ बमोजिमको उद्धार गरीपाउनका लागि निवेदन दिनु पर्दछ।

(३) माथि उपदफा (१) वा (२) बाहेक अन्य अवस्थामा पीडित व्यक्तिले उपचार खर्च लगायत थप राहत वा पुनर्स्थापनासम्बन्धी सहयोग प्राप्त गर्न चाहेको भए मनासिब कारण र अवस्था खुलाई आफै गाउँपालिका / नगरपालिकामा उपस्थित भई उद्धार तथा राहत समितिको सचिवालयमा अनुसूचि-३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (१), (२) वा (३) मा जे सुकै लेखिएको भए तापनि स्पष्ट कारण र अवस्था खुलाई निवेदन लेखेर ल्याएकोमा निवेदनको ढाँचा नमिलेको आधारमा मात्र सहयोगबाट बञ्चित गरिने छैन।

(५) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा सचिवालयका अधिकारीले सम्बन्धित संयोजकलाई जानकारी गराई निजले तोके बमोजिम सहयोग उपलब्ध गराउन पहल गर्ने वा यथासक्य चाँडो संयोजकले तोकेको मिति र समयमा समितिको बैठक बोलाउने छ।

(६) सचिवालयका सम्बन्धित कर्मचारी उपस्थित नभएको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत वा सम्बन्धित समितिका कुनै सदस्यले निवेदन बुझी पछि सचिवालायको कर्मचारीलाई जिम्मा लगाउने गरी तत्काल आवश्यक काम कारवाही अगाडि बढाउन कुनै बाधा पुगेको मानिने छैन।

१९. **राहत तथा पुनर्स्थापनाका लागि सहयोग गर्ने रकमको हद र आधारः** (१) लैङ्गिक हिंसा पीडितलाई तत्काल सहयोग उपलब्ध गराउनु पर्ने अवस्थामा बाहेक अन्य उद्धार, राहत वा पुनर्स्थापना गराउनु पर्ने

भएमा उद्धार तथा राहत समितिले देहाय बमोजिमको आधारमा देहायको हदभित्र रही सहयोग उपलब्ध गराउन सिफारिश गर्नु पर्नेछ:

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत प्रतिदिन तीनसय रुपैया र बास बस्नु पर्ने भई सोबापत छुट्टै रकम दिनु पर्ने भएमा प्रति दिन पाँच सय रुपैयाका दरले बढीमा पाँच हजार रुपैया सम्म,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी उपचार गर्नु पर्ने भएमा अस्पताल जान आउनको लागि सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन वा एम्बुलेन्स प्रयोग गर्नु पर्ने भए सो प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत प्रतिदिन तीनसय रुपैया र औषधि उपचार खर्च समेत गरी बढीमा दश हजार रुपैया सम्म,

(ग) कानूनी सहायता, मानसिक उपचार वा मनोविमर्शका लागि जान आउनका लागि सार्वजनिक सवारी साधन प्रयोग गर्नु पर्ने भए त्यसका लागि सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम र कानूनी प्रकृया वा अन्य औषधि उपचारका लागि बढीमा दश हजार रुपैया सम्म,

(घ) उपलब्धता र आवश्यकता अनुसार गाउँपालिका/नगरपालिकाले सञ्चालन गराउने वा नेपाल सरकार वा प्रदेश सरकारले उपलब्ध गराउने नि:शुल्क व्यावसायिक तालिममा पठाउने व्यवस्था गरी पीडितको पुनर्स्थापना तथा जीविकोपार्जनका लागि कुनै व्यवसाय गर्न बीऊ पूँजीको रुपमा बस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया सम्म,

(ङ) पुनर्स्थापनाको लागि अल्पकालीन सेवा केन्द्र वा अन्य सुरक्षित आवासमा बसोवासको व्यवस्था हुन नसकेको अवस्थामा तत्काल बसोवास व्यवस्थापन वा पुनर्स्थापनाका लागि बढीमा पाँच हजार रुपैया सम्म, र

(च) उद्धार तथा पुनर्स्थापना समितिले पीडितको सहयोगका लागि तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा पाँच हजार रुपैया सम्म ।

(छ) माथि खण्ड (घ) बाहेक अन्य अवस्थामा बिल अनुसारको यथार्थ खर्चमात्र भुक्तानी गरिने छ । खर्च रकम अग्रिम लिएको अवस्थामा काम सकिएको ३५ दिन भित्र अग्रिम भुक्तानी लिने व्यक्तिले हिसाब फर्स्यौट गरीसक्नु पर्नेछ ।

(ज) पीडितको सहयोग वा अन्य कामको लागि कोषबाट खर्च गर्ने निर्णय गर्दा समितिले पीडितको अवस्था, तोकिए बमोजिमको रकम वा जिन्सी सहयोग उपलब्ध गराउनु पर्ने कारण र आधार स्पष्ट खुलाएर निर्णय गर्नु पर्ने छ ।

(२) उपदफा (१) मा तोकिएको हद बमोजिमको रकम अपुग भई थप सहयोगको लागि निवेदन परेमा समितिले कोषमा रकमको उपलब्धता, कोषको रकममा पर्नसक्ने सम्भावित चाप र पीडितको अवस्था समेत विचार गरी बढीमा दश हजार रुपैया सम्म थप गरिदिन वा प्रदेश लैङ्गिक हिंसा निवारण कोष वा नेपाल सरकारले स्थापना गरेको लैङ्गिक हिंसा निवारण कोषको बारेमा जानकारी दिई आवश्यक सहयोगका लागि सिफारिश गरी प्रेषण गर्न सक्ने छ ।

## परिच्छेद- ५

## विविध

**२०. पीडित पक्षको गोपनीयताको सुरक्षा :** (१) पीडित पक्षको गोपनीयताको हकको सम्मान र संरक्षण गरिनेछ ।

(२) पीडित पक्षको व्यक्तिगत तथा पारिवारिक जानकारीलाई पीडित पक्षको मञ्जूरी विना सार्वजनिक गरिने छैन ।

२१. **विशेष सहयोग उपलब्ध गराउन सकिने :** लैङ्गिक हिंसा निवारण कोषमा सवैको समान र समतामूलक पहुँच पुऱ्याउनका लागि गाउँपालिका/नगरपालिकाले निवेदन लेख्ने तथा अन्य जानकारी दिनका लागि विशेष व्यवस्था वा सहायता कक्षको स्थापना गर्न सक्नेछ ।

२२. **नियम, कार्यविधि वा निर्देशिका बनाउन सक्ने :** (१) नगर कार्यपीलकाले यो ऐनको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यकता अनुसार नियम, कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) यो ऐन अन्तर्गत तयार गरिएको नियम, कार्यविधि वा निर्देशिका राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ ।

२३. **खारेजी र बचाऊ :** (१) यो ऐन कार्यान्वयनमा आउनु अघि कार्यान्वयनमा रहेको लैङ्गिक हिंसा निवारण कार्यविधि .... खारेज गरिएको छ ।

(२) उक्त कार्यविधि अनुसार हाल सम्म भए गरेका काम यसै ऐन बमोजिम भएको मानिने छ र सो कार्यविधि बमोजिम भइरहेका काम यो ऐन अनुसार स्थापित सम्बन्धित समितिमा सर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची-१**

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

नगरपालिका
कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश,नेपाल

श्री संयोजक ज्यू,

लैङ्गिक हिंसा निवारण कोष सञ्चालक समिति

.................. गाउँपालिका /नगरपालिका

विषय : तत्काल औषधोपचार सहयोग पाउँ

म निवेदक /(वा) ........ बस्ने अंदाजी वर्ष ........ का .................(*पीडित व्यक्तिको नाम*) मिति ........ मा देहाय बमोजिम आफ्नै घर परिवारको सदस्य/ छिमेकी/अपरिचित व्यक्तिबाट लैङ्गिक हिंसामा परी शारीरिक / तथा मानसिक रुपमा पीडित भएको छु /भएका रहेछन् । म निवेदक आफ्नो/निज पीडित व्यक्ति आफ्नो औषधि उपचार गर्न समेत असक्षम भएको हुँदा लैङ्गिक हिंसा निवारण कोषबाट मेरो / निज पीडित व्यक्तिको तत्काल औषधोपचारका लागि आवश्यक सहयोग पाउनको लागि यो निवेदन गरेको छु ।

लैङ्गिक हिंसाको विवरण : *(कसले के गरेको हो खुलाउने)*

..............................................................................................................................

..............................................................................................................................

घाउ चोटको कारण भएको शारीरिक अवस्थाको विवरण : *(पीडितले दिएको चोटको कारण पीडितको हालको अवस्था स्पष्ट पार्ने)*

..............................................................................................................................

..............................................................................................................................

यो निवेदनमा उल्लेख गरिएको व्यहोरा ठीक साँचो हो, झुठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

दस्तखत वा औंठा छाप :

नाम, थर : ................................ लिङ्ग : .................. उमेर वा जन्म मिति : .....................

ठेगाना : ............... गा.पा./न.पा, वडा नं.: .........., ............ टोल : ..................................

फोन नं.: .......................................

नागरिकता नं. : ...................................

(*पीडित पक्षको हकमा अर्कै व्यक्तिले निवेदन दिएको भए*)

पीडित पक्षसँगको नाता वा सम्बन्ध : .................................. पीडितको लिङ्ग : ................

प्रशासकीय अधिकृत

पीडित व्यक्तिको उमेर वा जन्म मिति : ......................................

पीडित व्यक्तिको नागरिकता भए नागरिकता नम्बर : ..............................................................

स्थायी ठेगाना : .............. गाउँपालिका/ नगरपालिका, वडा नम्बर ........, टोल ........................

हाल बसोबास गरिरहेको ठेगाना : (स्थायी ठेगानाभन्दा फरक भए) ..............................

फोन नम्बर (छ भने) ....................................

सनाखत गर्नेको विवरण

आज मिति ............... का दिन ........................... *(निवदेकको नाम)* ले यस गाउँपालिका / नगरपालिकाको वडा नं. ............. को ................... टोल बस्ने ......................(पीडितको ठेगाना) ( पीडित व्यक्तिको नाम) लाई लैङ्गिक हिंसा गरी कुटपीट समेत गरेकोमा निजको अवस्था माथि उल्लेख गरेबमोजिम नै देखिएको र तत्काल औषधोपचार नगरिएको खण्डमा निजको ज्यूज्यानमा थप खतरा उत्पन्न हुन सक्ने र निजको आर्थिक अवस्था समेत नाजुक भएको हुँदा निवेदकको माग बमोजिम सहयोग उपलब्ध गराउन उचित देखिन्छ ।

सनाखत गर्ने व्यक्तिको

हस्ताक्षर :

नाम :

ठेगाना :

पद :

मिति :

नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-२

(दफा १८ को उपदफा (२) सँग सम्बन्धित)

मिति : ..........................

श्री संयोजक ज्यू,
राहत तथा उद्धार समिति
.................. गाउँपालिका /नगरपालिका

विषय : तत्काल उद्धार गरी पाउँ

यस गाउँपालिका / नगरपालिका वडा नं. .......... निवासी ..................................(पीडितको नाम) लाई ...... महिना /वर्ष देखि आफ्नै घरमा/वा................................ (स्थान)-मा कतै बाहिर समेत जान नदिई / बाहिरी मानिसहरुसँग बोलचाल गर्न नदिई बन्धक बनाएर लैङ्गिक हिंसासमेत गरेर राखेको हुँदा निरन्तर प्रताडना सहेर बस्न बाध्य भएकोले तत्काल उद्धार गरी आवश्यक राहत सहयोग/तथा पुनर्स्थापना गर्नका लागि आवश्यक सहयोग उपलब्ध गराईदिनु हुनको लागि अनुरोध गर्दछु ।

लैङ्गिक हिंसाको प्रकार : (के कस्तो हिंसामा परेको हो र हाल कस्तो अवस्थामा छ सो उल्लेख गर्ने)
..................................................................................................................
..................................................................................................................

उद्धार गर्न पर्ने पीडितमा आश्रित नाबालक सन्तान भए निज(हरु)को नाम र उमेर :
(१) ......................................................
(२) ......................................................

पीडित पक्षसँगको नाता वा सम्बन्ध : ..................................
पीडित व्यक्तिको उमेर वा जन्म मिति : ....................................
पीडित व्यक्तिको नागरिकता भए नागरिकता नम्बर : .....................................................
स्थायी ठेगाना : .............. गाउँपालिका/ नगरपालिका, वडा नम्बर ........, टोल ........................
उद्धार गर्न पर्ने स्थानको ठेगाना : (स्थायी ठेगानाभन्दा फरक भए) ...............................
फोन नम्बर (छ भने) ....................................
यो निवेदनमा उल्लेख गरिएको व्यहोरा ठीक साँचो हो, झुठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक
निवेदकको दस्तखत ................................
नाम, थर : ............................... लिङ्ग : ................. उमेर वा जन्म मिति : ....................
ठेगाना : ............... गा.पा./न.पा, वडा नं.: .........., ............ टोल : .................................
फोन नं.: .......................................
नागरिकता नं. : ...................................

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-३

(नियम १८ को उपदफा (३) सँग सम्बन्धित)

मिति ....................................

श्री संयोजक ज्यू,

उद्धार तथा राहत समिति

.................. गाउँपालिका /नगरपालिका

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश,नेपाल

**विषय :** थप राहत/ पुनर्स्थापना सहयोग उपलब्ध गराई पाउँ। *(राहत वा पुनर्स्थापना के को लागि माग गरेको हो सो मा चिना लगाउने)*

म निवेदक देहाय बमोजिम आफ्नै घर परिवारको सदस्य/ छिमेकी/अपरिचित व्यक्तिबाट लैङ्गिक हिंसामा परी शारीरिक / तथा मानसिक रुपमा पीडित भएको छु। म आफ्नो औषधि उपचार, मनोविमर्श तथा अन्य आवश्यक कानूनी प्रकृया अगाडि बढाउन समेत असक्षम भएको र तत्काल कतैबाट कुनै सहयोग जुटाउन समेत सम्भव नभएको हुँदा असहाय भई लैङ्गिक हिंसा निवारण कोषबाट औषधोपचार, राहत/पुनर्स्थापनाका लागि आवश्यक खर्च तथा सहयोग पाउनको लागि यो निवेदन गरेको छु।

लैङ्गिक हिंसाको प्रकार : *(के कस्तो हिंसामा परेको हो सो उल्लेख गर्ने)*

..........................................................................................................................

हालको अवस्था : *(हालको अवस्था के छ र के कुराको लागि सहयोग चाहिएको हो खुलाउने)*

..........................................................................................................................

पहिला गाउँपालिका / नगरपालिका बाट सहयोग प्राप्त गरेको भए सो कुराको विवरण *(केका लागि कति रकम सहयोग प्राप्त गरेको हो र के का लागि थप सहयोग चाहिएको उल्लेख गर्ने)*

..........................................................................................................................

यो निवेदनमा उल्लेख गरिएको व्यहोरा ठीक साँचो हो, झुठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको दस्तखत ................................

निवेदकको,- नाम, थर ................................

उमेर (वा जन्म मिति) ................................

नागरिकता भए नागरिकता नम्बर ....................................................

स्थायी ठेगाना : .............. गाउँपालिका/ नगरपालिका, वडा नम्बर ............. टोल ..............................

हाल बसोबास गरिरहेको ठेगाना : (स्थायी ठेगानाभन्दा फरक भए) ...............................

फोन नम्बर (छ भने) ....................................

आज्ञाले

..............................

बम बहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत